# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, मंसीर १७ गते २०३६ साल

श्री ५ को सरकार

### मन्त्रिपरिषद् सचिवालयको

### सूचना

श्री ५ को सरकारले मिति २०३६।७।१९ को निर्णयानुसार श्री मुरलीप्रसाद उपाध्यायलाई राष्ट्रिय योजना आयोगको सचिवालयको विशेष अधिकृत पदबाट निर्वाचन आयोगको सचिव पदमा सरुवा गरेको छ।

आज्ञाले–

कृष्णबहादुर मानन्धर

श्री ५ को सरकारको मुख्य सचिव

429



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

## सूचना

भूमिसुधार मन्त्रालयका सचिव श्री वासुदेव प्याकुन्याल क्यानाडा सरकारको निमन्त्रणामा अध्ययन भ्रमणको लागि क्यानाडातर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मको लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले नापी विभागका महा-निर्देशक श्री अर्जुनबहादुर बस्न्यातलाई मिति २०३६।८।१० देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले–

कृष्णबहादुर मानन्धर

श्री ५ को सरकारको मुख्य सचिव

622

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।